# निक्षेप तथा कर्जा सुरक्षण कोष

## आ.प्र. तथा खुला प्रतियोगिता मार्फत हुने पदपूर्ति सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति : २०८१।०२।०४ गते शुक्रवार )**

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका देहायका पदहरुमा आ.प्र. तथा खुला प्रतियोगिताद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम योग्यता पुगेका तथा कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४ अनुसार योग्य नेपाली नागरिकहरुबाट रीतपूर्वक कोषको वेबसाइट www.dcgf.gov.np मा Online Application Form प्रणाली मार्फत दरखास्त आव्हान गरिएको छ । रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**(क) आन्तरिक प्रतियोगितातर्फ**

| विज्ञापन नं | पद | तह | सेवा/समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव | संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| २/२०८०-८१ | सहायक अधिकृत | ६ | प्रशासन | विज्ञापन भएको पदभन्दा एक तह मुनिको पदमा सेवा प्रवेशका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता र विनियमावलीमा तोकिए बमोजिम न्यूनतम सेवा अवधि पूरा भएको | १ | रु.७०० |

**(ख) खुला प्रतियोगितातर्फ**

| विज्ञापन नं | पद | तह | सेवा/समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव | खुला/ समावेशी | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ३/२०८०-८१ | नायब प्रबन्धक | ८ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तीर्ण र बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व रहेको संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयहरुमा अधिकृत स्तरको पदमा कम्तीमा पाँच बर्ष सेवा गरेको | आ.ज. | १ | रु. ९००।- |
| ४/२०८०-८१ | अधिकृत | ७ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तीर्ण | खुला | १ | रु. ८००।- |
| ५/२०८०-८१ | सहायक अधिकृत | ६ | प्रशासन | वाणिज्य, अर्थशास्त्र, वाणिज्य कानुन, सार्वजनिक प्रशासन, व्यवस्थापन विषय लिई स्नातकोत्तर तह उत्तीर्ण | खुला | १ | रु. ७००।- |
| ६/२०८०-८१ | प्रधान सहायक | ५ | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको | खुला | ३ | रु ६०० |
| ७/२०८०-८१ | सहायक | ४ | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) मा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्युनतम डी प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरी वा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको | खुला | १ | रु. ५००।- |

विज्ञापन सम्बन्धी विशेष सूचनाः सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

**द्रष्टव्य**

१. **परीक्षाको किसिमः** लिखित, अर्न्तवार्ता र पाठ्यक्रम तथा परीक्षा योजनामा तोकिएका अन्य विधिहरु ।

२. अनलाईन दरखास्त प्रणालीमार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः कोषको वेवसाइटमा रहेको Online Application Form प्रणालीमा आफूले चाहेको विज्ञापन छनोट गरी Apply Now विकल्पमा गई User Regisration गरी विज्ञापनसंग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक भुक्तानी सेवा प्रदायकमार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ ।

३. **समकक्षता :**उम्मेदवारहरुले दरखास्त पेश गर्दा नेपाल बाहिरबाट हासिल गरेको शैक्षिक योग्यताको आधारमा दरखास्त पेश गर्ने भएमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नु पर्नेछ ।
४. **दरखास्त दिने अन्तिम मिति:** २०८१/०२/२४ र दोब्बर दस्तुर तिरी २०८१/०२/३१
५. **दरखास्त दस्तुर बुझाउने अन्तिम मिति:** २०८१/०२/३२
६. **सम्पर्क मिति र स्थान:** २०८०/०३/०५ गतेका दिन बिहान ११:०० बजे, कोषको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौ ।
७. **परीक्षा हुने मिति र स्थान:** लिखित परीक्षा **लोकसेवा आयोगबाट संचालन हुनेछ** र सो सम्बन्धी मिति र स्थान पछि प्रकाशित गरिनेछ ।
८. **उमेरको हद:** सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भई पैंतीस वर्ष ननाघेको, अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भई पैंतीस वर्ष ननाघेको, आठौं तहको पदमा चालीस वर्ष ननाघेको, महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा चालीस वर्ष ननाघेको हुनुपर्ने तर कोषमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।
९. **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदबारहरुका लागि आवश्यक पर्ने थप कागजातहरु:**
आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा तर नेपाल आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।
१०.**अयोग्यता:** तोकिए बमोजिमका विषयका अतिरिक्त भविष्यमा सरकारी सेवा वा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको कुनै संगठित संघ/संस्थाको सेवाको निमित्त अयोग्य ठहर्ने गरी कुनै सेवाबाट वर्खास्त भएको, फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, सरकारबादी फौजदारी मुद्दामा निलम्बन भएको वा भ्रष्ट्राचार लागेको अभियोग सम्बन्धी मुद्दा अदालतमा दायर भएको भएमा वा अभियोग प्रमाणित भएको अवस्थामा दरखास्त पेश गर्न योग्य मानिने छैन ।
११. लिखित परीक्षाको पाठ्यक्रम कोषको वेवसाइट www.dcgf.gov.np मा राखिएको छ ।
१२.दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्य अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिएको छैन ।
१३. **काम गर्नुपर्ने स्थान:** कोषको केन्द्रीय कार्यालय र मातहतका कार्यालयहरु ।
१४.यस सूचनामा उल्लेख नभएका विषयहरुका हकमा कोषको कर्मचारी सेवा, शर्तसम्बन्धी विनियमावली, २०७४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१५.रित नपुगी पेश भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बखत रद्ध गर्न सक्नेछ ।
१६.यस सम्बन्धमा थप जानकारी चाहिएमा कोषको प्रशासन विभागमा वा टेलिफोन नं.०१४५२१२४१ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

## निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाडौं
## कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना
## (सूचना प्रकाशन मिति : २०८१।०२।०४ गते शुक्रवार )

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न पदहरुमा कार्यक्षमता मूल्यांकनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले कोषको कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली, २०७४ बमोजिम योग्य उम्मेदबारहरुले कोषले तोके बमोजिमको प्रक्रिया पूरा गरी २१ दिनभित्र कोषको केन्द्रिय कार्यालयमा दरखास्त पेश गर्न आह्वान गरिएको छ । म्याद भित्र दर्ता नभएको र रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं | पद | तह | सेवा, समूह/उपसमूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १/२०८०-८१ | कम्प्युटर अधिकृत | ७ | प्राविधिक | विज्ञापन भएको पदभन्दा एक तह मुनिको पदमा सेवा प्रवेशका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता र विनियमावलीमा तोकिए बमोजिम न्यूनतम सेवा अवधि पूरा भएको । | १ (एक) | रु.८०० |

**द्रष्टव्य**

१. आवेदन दस्तुर कोषको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक टंगाल शाखास्थित चल्ती खाता नं. ११६०००३६७०१ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त पेश गर्ने अन्तिम दिन बिदा परेमा सो पश्चात कार्यालय खुलेको दिन दरखास्त पेश गर्न सकिनेछ ।
२. यस सूचनामा उल्लेख नभएका विषयहरुका हकमा कोषको कर्मचारी सेवा, शर्तसम्बन्धी विनियमावली, २०७४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।